प्रमुख सूचना आयुक्त कृष्णहरि बास्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

# आदेश

मु.नं. २६९/२०७१/०७२

निर्णय नं. ७७७

बारा जिल्ला दोहरी गा.वि.स.वार्ड नं. ८ बस्ने प्रवेज आलम अन्सारी ..................................१ निवेदक

विरूद्ध

कार्यालय प्रमुख, नेपाल विद्युत प्राधिकरण, कलैया वितरण केन्द्र, बारा ..................................१ विपक्षी
सूचना अधिकारी, नेपाल विद्युत प्राधिकरण, कलैया वितरण केन्द्र, बारा ..................................१

विषय :– माग बमोजिमको सूचना उपलब्ध गराईएकोले लगत कट्टा गर्नु ।

बारा जिल्ला दोहरी गा.वि.स.वार्ड नं. ८ बस्ने प्रवेज आलम अन्सारीले नेपाल विद्युत प्राधिकरण, कलैया वितरण केन्द्र, बारा समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।०९।२४ मा पुनरावेदन गरेको । यस सम्वन्धमा आयोगको मिति २०७२।०६।२७ च.नं. ३७९ को पत्रद्वारा नेपाल विद्युत प्राधिकरण, कलैया वितरण केन्द्र, बारालाई के कति कारणले सूचना उपलब्ध नगराएको हो ? खुलाइ पठाइदिन लेखी गएको । तत् पश्चात उक्त नेपाल विद्युत प्राधिकरण, कलैया वितरण केन्द्र, बाराको मिति २०७२।१०।१७, च.नं.५३७ को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना उपलब्ध गराउन नेपाल विद्युत प्राधिकरणले माग बमोजिमको सूचना तयार गरी राखेको तथा पुनरावेदक स्वयंम सूचना लिन नआएको र फोनमा समेत सर्म्पक नभएको भन्ने व्यहोराको पत्र आयोगमा प्रेषित गरी जानकारी गराईएकोले यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नु । यसको जानकारी पुनरावेदकलाई दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बास्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७३ साल बैशाख ५ गते रोज १ शुभम्